नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स नं.०११-६२००८४

प.सं.- (प्र)०७७/७८
चलानी नं.९३६०

मिती :- २०७८।०१।२२

विषयः - निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री स्थानीय तह, सवै, सिन्धुपाल्चोक ।
श्री स्वास्थ्य कार्यालय, चौतारा, सिन्धुपाल्चोक ।
श्री गोरख बक्स गण, लक्ष्मणडाँडा व्यारेक, चौतारा, सिन्धुपाल्चोक ।
श्री जिल्ला प्रहरी कार्यालय, चौतारा, सिन्धुपाल्चोक ।
श्री सशस्त्र प्रहरी वल नेपाल नं. १६ गण हे.क्वा., वनदेउ, सिन्धुपाल्चोक ।
श्री चौतारा अस्पताल, चौतारा, सिन्धुपाल्चोक ।
श्री जिल्ला स्थित सबै सरकारी तथा गैर सरकारी कार्यालयहरु, सिन्धुपाल्चोक ।
श्री उद्योग वाणिज्य संघ, सिन्धुपाल्चोक ।

प्रस्तुत विषयमा मिति २०७८।०१।२२ गते यस जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी श्री बाबुराम खनालज्यूको अध्यक्षतामा वसेको District Covid-19 Crisis Management Center (DCCMC) को बैठकबाट भएको निर्णय तपसिल बमोजिम भएकाले तहाँ पालिका/कार्यालयसँग सम्वन्धित विषयहरु कार्यान्वयनका लागि पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

निर्णयहरुः-

विश्वभर फैलिंदै गईरहेको नयाँ भेरियन्टको (कोभिड-१९) संक्रमण नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा सिन्धुपाल्चोक जिल्लामा समेत संक्रमण तिब्र रुपमा बढिरहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि निम्नानुसार निषेधाज्ञा जारी गर्ने निर्णय गरियो ।

तपसिलः

१. सर्वसाधारणका लागि

- अत्यावश्यक काम नपरि घरबाट वाहिर ननिस्कने ।
- नेपाल सरकारद्वारा तोकिएको सामाजिक दुरी, स्वास्थ्य मापदण्ड (साबुन पानिले हात धुने, मास्क र सेनिटाईजरको प्रयोग) अनिवार्य रुपले गर्ने ।
- एकै स्थानमा जम्मा भई भेला, जुलुस, सम्मेलन, छलफल, गोष्ठी नगर्ने ।
- हाट, मेला, जात्रा, महोत्सव, पार्टि, भोज, सप्ताह, एकाहा, पुराण वाचन जस्ता भिडभाड हुने कार्य नगर्ने ।
- अत्यावश्यक बाहेक १० बर्ष भन्दा मुनि तथा ६० वर्ष भन्दा माथीको उमेरका व्यक्तिहरु तथा दिर्घरोगीलाई कुनै पनि काममा घर वाहिर आवज जावत गर्न नदिने ।
- Covid-19 को लक्ष्यण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय निकायमा सम्पर्क राख्ने ।

स. प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स नं.०११-६२००८४

प.सं.- (प्र)०७७/७८

२. कार्यालय सञ्चालन सम्बन्धमा

- सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था, विमा एवं राष्ट्र बैंकबाट इजाजत प्राप्त सहकारी संस्थाहरुले आफ्नो कार्यालय र कर्मचारीहरुको अवस्था हेरी सम्बन्धित माथिल्लो निकायको स्विकृति लिई आलोपालो सेवा वा अत्यावश्यक सेवा बाहेक अन्य सेवा हाललाई स्थगित गर्ने ।

३. सभा सम्मेलनको हकमा

- सवै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, सपिङ मल, मनोरञ्जन स्थल, सैलुन, ब्युटि पार्लर, जिमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय, चिडियाखाना आदि सञ्चालन गर्न नपाईने ।

४. सार्वजनिक एवं निजी सवारी साधन सञ्चालनको हकमा

- सार्वजनिक एवं निजी सवारी साधन, अटो रिक्सा समेत मिति २०७८/०१/२२ राती १२:०० बजे देखी मिति २०७८/०१/३१ गते राती १२:०० बजेसम्म निषेधित क्षेत्रमा सञ्चालन गर्न नपाईने ।
- अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफुल, दुध तथा दुग्धजन्य पदार्थ, मासु तथा मासुजन्य बस्तु बोकेको सवारी साधन, बैङ्क, वित्तीय संस्था, दुरसञ्चार, इन्टरनेट, क्वारेन्टिन, आइसोलेसन, फोहोरमैला व्यवस्थापन, कुरियर तथा डाँकसेवा लगायतका ढुवानी तथा यातायातका साधन विषय उल्लेख गरी सञ्चालन गर्न पाउने ।

५. अत्यावश्यक खाद्य सामाग्रीको हकमा

- खाद्य सामाग्री, ग्रोसरी पसल, औषधी पसल जस्ता अत्यावश्यक सेवाका व्यवसाय सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने, उक्त पसलहरु नियमित संचालन हुने ।

६. नेपाल सरकारका कर्मचारी, बैंक तथा वित्तीय संस्था र अन्य अत्यावश्यक सेवामा कार्यरत कर्मचारीले प्रयोग गर्ने निजी सवारी साधनका हकमा कार्यालयले जारी गरेको परिचयपत्रको आधारमा आवत जावत गर्न दिने ।

७. सञ्चारकर्मी/पत्रकारको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्ने सुचना विभागले जारी गरेको परिचय पत्रको आधारमा आवतजावत गर्न दिने ।

८. होटल तथा रेष्टुरेन्टहरु पूर्ण रुपमा बन्द गर्ने ।

९. विवाह तथा ब्रतबन्ध आयोजनाका लागी १५ जना (दुलाह दुलही सहित) भन्दा बढी नहुने गरी सहभागी हुन पाउने ।

१०. सम्बन्धित परिवारले कोभिड-१९ संक्रमणवाट मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन गर्दा जिल्ला कोभिड संक्रमण व्यवस्थापन केन्द्र (DCCMC) को मापदण्ड अनुसार गर्नु पर्नेछ ।

११. जिल्ला स्थित सम्पूर्ण सरकारी कार्यालयका कार्यालय प्रमुखहरु अनिवार्य रुपमा कार्यालयमा उपस्थित भईरहने, कार्यालयको सवारी साधन जुनसुकै समयमा पनि प्रयोगमा ल्याउनुपर्ने हुनसक्ने भएकाले सवारी साधन र सवारी चालक जुनसुकै समयमा पनि स्टयाण्डबाई राख्ने ।

१२. जिल्लाका विभिन्न क्षेत्रमा रहेका बजारहरुमा संचालित औषधि पसल, भेटेरिनरी औषधि पसल, खाद्यान्न, तरकारी, फलफुल र दुग्धजन्य पदार्थ बेचबिखन गर्ने पसल बाहेक अन्य पसल/व्यवसाय अर्को आदेश नभएसम्मका लागि पूर्ण

स. प्रमुख जिल्ला अधिकारी

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स नं.०११-६२००८४

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

प.सं.- (प्र)०७७/७८

१३. यस जिल्लाका स्थानीय तहहरुको तपसिल बमोजिमका क्षेत्र तथा गाउँहरुमा मिति २०७८/०१/२३ गते बिहान ६:०० बजे देखि मिति २०७८/०१/३१ गते राती १२:०० बजेसम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम अति आवश्यक काममा बाहेक कुनैपनि नागरिकलाई घरबाट बाहिर निस्कन नपाउने गरी निषेधाज्ञा जारी गर्ने ।

तपसिलः

| क्र.सं. | स्थानीय तहको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १ | चौतारा साँगाचोकगढी न.पा., वलेफी गा.पा., बाहबिसे न.पा. र भोटेकोशी गा.पा. | अरनिको राजमार्ग सिन्धुपाल्चोक खण्डको वनदेउ देखि खाडिचौर-बाहबिसे हुँदै तातोपानी सम्मको दाँया बाँया ५००-५०० मिटर । | |
| २ | सुनकोशी र लिसँखु पाखर गाउँपालिका | खाडिचौर देखि ठूलोपाखर हुँदै मुढे सडक खण्डको सिन्धुपाल्चोक जिल्ला भित्र दाँया बाँया ५००-५०० मिटर । | |
| ३ | चौतारा साँगाचोकगढी न.पा | वनदेउ देखि चौतारा सदरमुकाम जोड्ने सडकको चौतारा हुँदै स्याउले दाँया बाँया ५००-५०० मिटर । | |
| ४ | मेलम्ची न.पा. र हेलम्वु गा.पा. | जिरो किलो हुँदै बाहुनेपाटी-सिपाघाट मेलम्ची-सेरा, हेलम्वुको किउल सडक खण्डको दाँया बाँया ५००-५०० मिटर । | |
| ५ | चौतारा साँगाचोकगढी नगरपालिका | चौतारा साँगाचोकगढी न.पा.को वडा नं. ४, ५, र ९ नं. वडाको सम्पूर्ण क्षेत्रहरु । | |
| ६ | मेलम्ची नगरपालिका | मेलम्ची नगरपालिका वडा नं. ११ को सम्पूर्ण क्षेत्रहरु । | |
| ७ | वलेफी गा.पा.र जुगल गा.पा. | वलेफी गा.पा. को बलेफी देखि नौबिसे-जलविरे-ढाडे-कात्तिके सडक खण्डको दाँया बाँया २००-२०० मिटर । | |

१४. यस जिल्लाका स्थानीय तहहरुको तपसिल बमोजिमका वडा तथा गाउँहरुमा मिति २०७८/०१/२३ गते बिहान ६:०० बजे देखि मिति २०७८/०१/३१ गते राती १२:०० बजेसम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम अति आवश्यक काममा बाहेक कुनैपनि नागरिकलाई तोकिएको क्षेत्रबाट आवत जावत गर्न नपाउने गरी शिल गर्ने ।

तपसिलः

| क्र.सं. | स्थानीय तहको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १ | चौतारा साँगाचोकगढी नगरपालिका | चौतारा साँगाचोकगढी न.पा.वडा नं. ४ को सम्पूर्ण क्षेत्र । (पूर्व नौबिसे, पश्चिम चौतारा न.पा.-५ को सीमाना, उत्तर साविक बतासे गा.वि.स.को सीमाना र दक्षिण मेलचौर-इर्खुको सीमा क्षेत्र) । (साविक कुविण्डे गा.वि.स.वडा नं.५,६,७,८ र ९ को क्षेत्र) । | |
| २ | चौतारा साँगाचोकगढी नगरपालिका | चौ.सा.गढी वडा नं. ९ को कदमवास गाउँको सम्पूर्ण क्षेत्र (पूर्व वलेफी गाउँपालिकाको सीमाना, पश्चिम लिपी खोला, उत्तर इर्खु, दक्षिण पश्चिम जलकिनीको क्षेत्र) । | |

स. प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स नं.०११-६२००८४

प.सं.- (प्र)०७७/७८

१५. आदेशको अवहेलना गर्ने वा काममा बाधा पुर्याउने व्यक्तिलाई संक्रामक रोग नियन्त्रण ऐन, २०२० तथा प्रचलित कानून बमोजिम सजाय हुनेछ । सम्वन्धित स्थानीय तह र सुरक्षा निकायले अनुगमन गर्नुपर्नेछ ।

१६. चौतारा अस्पताल अन्तर्गत हाल फिल्ड ट्रेनिङ्ग सेन्टरमा संचालित १२ बेडको आइसोलेशन कक्षलाई बिस्तार गरी २४ बेडको साधारण आइसोलेशन कक्ष र ६ बेडको HDU कक्ष संचालन गर्ने । HDU संचालनको लागि आवश्यक उपकरण र जनशक्ति व्यवस्थापन गर्न सहयोगको लागि चौतारा अस्पतालबाट वागमती प्रदेश सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने ।

१७. हाल चौतारा अस्पतालमा प्रयोगमा नआएका विरामी बेडहरु तत्कालको लागि प्रयोग गर्न जुगल गा.पा.वडा नं. ५ अन्तर्गत रत्नराज्य मा.वि.मा संचालित आइसोलेशन कक्षलाई उपलव्ध गराउन चौतारा अस्पताललाई अनुरोध गर्ने ।

(बाबुराम खनाल)
स.प्र.जि.अ.
स. प्रमुख जिल्ला अधिकारी